# मिति: २०७६।०८।१९ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु

**प्रस्ताव नं. १ : स्थानीय स्वास्थ संस्था सञ्चालन तथा व्यवस्था कार्यविधि २०७६ स्वीकृति सम्बन्धमा ।**

निर्णय : स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्था कार्यविधि -२०७६ अधिकतम सदुपयोग गरी सेवा लाई थप व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि -२०७६ , विद्येयक समितिमा छलफल भै कार्यपालिका बैठकमा प्रस्तुत भएकोले उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धि निर्देशिका, २०७६ छलफल सम्बन्धमा ।**

निर्णय : स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीरकण सम्वन्धि निर्देशिका, २०७६ को मसौदा अध्ययन गरी राय सुझाव सहितको दोस्रो मसौदा पेश गर्न सवै वडा अध्यक्ष्यज्युहरुलाई सम्वन्धित वडाका स्वास्थ्य चौकीका ईन्चाजहरु समेतको राय परामर्श लिई पृष्ठपोषणको लागि पहिलो मसौदा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ स्वीकृत सम्बन्धमा ।**

निर्णय : यस नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय - समयमा हुने निर्णय, नियम मापदण्ड तथा प्रशासनिक आदेशहरूको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न नगरप्रहरी भर्ना सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि- २०७६, विद्येयक समितिमा छलफल भै कार्यपालिका बैठकमा पेश भएकोले उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : विपद् व्यवस्थापन (शितलहरमा न्यानो कपडा खरिद/ वितरण) सम्बन्धमा ।**

निर्णय : यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, विपन्न परिवारहरू जाडोको मौसममा शितलहर तथा चिसोबाट बचाउनको लागि चोक चोकमा दाउराको व्यवस्थापन गरी उपलब्ध गराउने साथै न्यानो कपडा, कम्बल खरिद गरी वितरण गर्नको लागि विपद व्यवस्थापन कोषबाट रू. ५,००,०००।- (पाँच लाख) खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : छैठौं नगर सभा सम्बन्धमा ।**

निर्णय : स्थानीय सरकार संचालन ऐन -२०७४ को परिच्छेद ४, दफा १९ बमोजिम नगरसभाको वैठक बर्षको सामान्यता २ (दुई) पटक बस्ने प्रावधान भए बमोजिम यस बुद्धभूमि नगरपालिकाको छैठौं नगर सभा यही २०७६ पौष महिनाको अन्तिम हप्ता भित्र सम्पन्न गर्ने गरी आगमी बस्ने कार्यपालिका बैठक बाट मिति, स्थान तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : शिक्षा तर्फको सर्शत अनुदानबाट विद्यालय भौतिक पूर्वाधार निर्माणका योजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा ।**

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

निर्णय : संघ, प्रदेश सरकारबाट शर्शत अनुदानबाट शिक्षा तर्फका भौतिक पूर्वाधार निर्माण तर्फका योजनाहरू मध्ये १० (दश) लाख माथिका योजनाहरू आवश्यक प्रक्रिया पुऱ्याई टेण्डरद्वारा सञ्चालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : घरबहाल सम्झौता अनुमोदन सम्बन्धमा।**

निर्णय : प्रमुख प्रशासकीय अधिकृतको आवास/कार्यालय प्रयोजनको लागि बुद्धभूमि नगरपालिका वडा नं. २ मा सोही वडा निवासी श्री पार्वती दमासेसंग गरिएको २ बर्षको घरवहाल संझौता र प्रशाासकीय अधिकृतको आवास/कार्यालय प्रयोजनको लागि बुद्धभूमि नगरपालिका २ नं. वडामा सोही वडा निवासी श्री नरसिंह शर्मासंग गरिएको २ बर्षको घर वहाल संझौता अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ : ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि निर्माणको पारिश्रमिक सम्बन्धमा।**

निर्णय : नेपाल सरकार तथा प्रदेश सरकारवाट जारी गएको मस्यौदा ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि वाहेक अन्य निर्माण गर्नु परेमा रु. १५०००।०० नवढने गरी निर्माण गरिएको मसौदाको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ९ : व्यवसाय दर्ताको लागि उद्योग वाणिज्य संघ सँग साझेदारीमा काम गर्ने सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा।**

निर्णय : व्यवसाय दर्ताको लागि उधोग वाणीज्य संघसंग साझेदारीमा काम गर्ने सम्वन्धि मसौदा निर्माण गरी कार्यपालिका बैठकमा पेश गर्न विधेयक समितिलाई जिम्मेवारी दिने निर्णय गरीयो।

**प्रस्ताव नं. १० : कर्मचारीको सेवा सुविधा सम्बन्धमा आवश्यकता, औचित्यता र बजेट उपलब्धताको आधारमा छैठौ नगर सभा पुर्व राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने समिति गठन गर्ने सम्बन्धमा।**

निर्णय : कर्मचारीको सेवा, सुविधा सम्वन्धमा आवश्यकता, औचित्यता र बजेट उपलब्धताको आधारमा छैठौ नगरसभा पूर्व राय सुझाव सहितको प्रतिवेदन पेश गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

संयोजक : प्रमुख प्रशाासकीय अधिकृत

सदस्य : प्रशासन शाखा प्रमुख

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

**प्रस्ताव नं. ११ : शोभा इट्टा उद्योग सञ्चालनको अनुमति सम्बन्धमा।**

निर्णय : शोभा ईट्टा उधोगले माग गरेको ईट्टा उधोग सञ्चालन अनुमति को लागि ५ नं. प्रदेश सरकार बाट स्वीकृत गरेको IEE प्रतिवेदन र वडा कार्यालयको सिफारिस बमोजिम प्रचलित कानून बमोजिम उधोग संचालन अनुमतिको लागि घरेलु तथा साना उधोग कार्यालय तौलिहवालाई सिफारिस गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. १२ : रोजगार संयोजकको पदपूर्ति सम्बन्धमा।**

निर्णय : श्रम तथा रोजगार मन्त्रालयको च.नं. ७२ मिति २०७६।८।१७ गतेको पत्र बमोजिम यस कार्यालयमा रिक्त रहेको रोजगार संयोजक पदपुर्तिको लागि निम्न बमोजिम पदपुर्ति समिति गठन गर्ने निर्णय गरियो।

१. श्री जगन्नाथ पन्त – अध्यक्ष (जिल्ला समन्वय अधिकारी, अर्घाखाँची)

२. श्री शेषकान्त पौडेल – सदस्य (प्रमुख प्रशासकीय अधिकृत, शितगंगा नगरपालिका, अर्घाखाँची)

३. श्री कृष्ण प्रसाद पाण्डे – सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत, बुद्धभूमि नगरपालिका, कपिलवस्तु)

**प्रस्ताव नं. १३ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ६१ बुंदे सुझाव सम्बन्धमा।**

निर्णय : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।८।१५, च.नं. २३० को पत्रमा संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ६१ बुदे सुझाव कार्यपालिका बैठकमा जानकारी गराईयो।

**प्रस्ताव नं. १४ : योजना संशोधन सम्बन्धमा।**

**निर्णय :** यस चालु बर्ष २०७६।०७७ को लागि पाँचौ नगर सभाबाट स्वीकृति योजनाहरू सञ्चालन गर्ने क्रममा केही प्राविधिक कठिनाईहरू (अस्पष्टता) देखिएकोले तपसिलका योजनाहरू आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.स. | वास्तिवक | संशोधन |
|---|---|---|
| १ | सि. एल.सी. राजपुर | सि.एल.सी. राजपुर देउराली मन्दिर |
| २ | अधुरो तीनघेरवा गाउँ सडक पि.सि.सि | तिनघेरवा गाउँको सडक र नाली निर्माण |
| ३ | जोतपुर चोक देखि पूर्व जाने सडक पि.सि.सि. | जोतपुर चोक देखि पूर्वजाने सडक ब्लक लगाउने। |
| ४ | टिक्करको फिल्डदेखि रामप्रसादको घरसम्म जाने सडक पि.सि.सि | टिक्करको फिल्ड देखि राम प्रसादको घर सम्म जाने सडक पि.सि.सि. वा ब्लक लगाउने। |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

कृष्ण प्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner